229

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरण कुमार पोखरेल
## सूचना आयुक्त यशोदा देवी तिम्सिना

## आदेश

मु.नं. १९२/२०७१/०७२

अर्घाखाँची वस्ने मुक्तिनाथ भुषाल ........................................................................१ निवेदक

विरूद्ध

प्रमुख, पश्चिमाञ्चल डिभिजन सडक कार्यालय नं ५ गोरुसिङ्गे, कपिलवस्तु .............................१ विपक्षी
सूचना अधिकारी, पश्चिमाञ्चल डिभिजन सडक कार्यालय नं ५ गोरुसिङ्गे, कपिलवस्तु .............१

विषय :- सूचना उपलव्ध नगराउने उपर कारवाही गरी सूचना उपलव्ध गराई पाउँ ।

अर्घाखाँची वस्ने मुक्तिनाथ भुषालले डिभिजन सडक कार्यालय नं ५ गोरुसिङ्गे, कपिलवस्तु समक्ष माग गर्नु भएको सूचना उपलव्ध नगराएकोले सूचना उपलव्ध गराइपाउँ भनी यस आयोगमा मिति २०७०।११।१९ मा पुनरावेदन गरेकोमा सो सम्बन्धमा यस आयोगबाट मिति २०७०।१२।४ मा भएको आदेश सहित उक्त आदेश कार्यान्वयका लागि सम्वन्धित पश्चिमाञ्चल डिभिजन सडक कार्यालयमा पठाइएकोमा डिभिजन सडक कार्यालय, शिवपुर, कपिलवस्तुको मिति २०७१।१२।६, च.नं. ७३३, प.सं. ०७१।०७२ को पत्रबाट निवेदकले माग गरेको सूचना निजलाई दिई सकिएको र निज निवेदकले सूचना प्राप्त गरेको भनी इमेलबाट समेत जानकारी गराइएको देखिएको हुँदा यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदा देवी तिम्सिना) | (किरण कुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७१ साल चैत्र २६ गते रोज ५ शुभम् ।